बुढीगंगा गाउँपालिका, मोरङ

**स्थानीय राजपत्र**

खण्ड: १० संख्या:१२ मिति: २०८३ साल ०५ महिना १६ गते

**भाग-२**


**दलित तथा जेहेन्दार विद्यार्थी प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३**

बुढीगंगा गाउँपालिका

नेपालको संविधान र प्रचलित कानून बमोजिम बुढीगंगा गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखीए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# दलित तथा जेहेन्दार विद्यार्थी प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना:** बुढीगंगा गाउँपालिका भित्र बसोबास गर्ने दलित तथा जेहेन्दार विद्यार्थीहरूलाई उनीहरूको क्षमता अनुसारका प्राविधिक विषय अध्ययन गर्नका लागि प्रोत्साहन गरी यस पालिकामा प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक विद्यालय/शिक्षालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन वाञ्छनीय भएकोले, बुढीगंगा गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी बुढीगंगा गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद १ - प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो कार्यविधिको नाम " **दलित तथा जेहेन्दार विद्यार्थी प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधी, २०८३** " रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "अध्यक्ष" भन्नाले बुढीगंगा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

ख) "ऐन" भन्नाले बुढीगंगा गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन, २०८० सम्झनुपर्दछ।

ग) "कार्यपालिका" भन्नाले बुढीगंगा गाउँपालिकाको गाउँकार्यपालिका सम्झनुपर्दछ।

घ) "गाउँपालिका" भन्नाले बुढीगंगा गाउँपालिकालाई सम्झनुपर्दछ।

ङ) "छात्रवृत्ति" भन्नाले प्राविधिक विषय अध्ययन गर्ने गाउँपालिका भित्र स्थायी बसोबास गरी प्राविधिक विद्यालय/शिक्षालयमा अध्ययनरत विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्दछ।

च) "छात्रवृत्ति कोष" भन्नाले बुढीगंगा गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन गरेको छात्रवृत्तिको बजेटलाई सम्झनुपर्दछ।

छ) "छात्रवृत्ति व्यवस्थापन समिति" भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनुपर्दछ।

ज) "जेहेन्दार विद्यार्थी" भन्नाले छात्रवृतिका लागि बुढीगंगा गाउँपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीहरु मध्ये सामुदायिक वा सरकारी विद्यालयबाट अध्ययन गरी अघिल्लो कक्षामा उच्चतम अंक प्राप्त गरेको विद्यार्थीलाई सम्झनुपर्दछ ।

झ) "दलित विद्यार्थी" भन्नाले बुढीगंगा गाउँपालिका भित्र स्थायी बसोबास भएका नेपाल सरकारद्वारा दलित भनी प्रदान गरिने परिचय पत्र वा परिचय पत्र तत्काल उपलब्ध नभएमा वडा कार्यालयले दलित हो भनी सिफारिस गरेको व्यक्ति वा विद्यार्थीलाई सम्झनुपर्छ ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुढीगंगा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

ट) "लेखा अधिकृत" भन्नाले गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख वा सो काम गर्ने अधिकृत कर्मचारी सम्झनुपर्दछ ।

ठ) "शाखा" भन्नाले शिक्षा शाखा सम्झनुपर्दछ।

ड) "शिक्षा अधिकृत" भन्नाले शिक्षा शाखाको अधिकृतस्तरको कर्मचारी वा सो कामकाज गर्ने अधिकृत कर्मचारी सम्झनुपर्दछ।

## परिच्छेद २ - उद्देश्य

३. छात्रवृत्ति वितरण गर्नुको उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) बुढीगंगा गाउँपालिकाको दलित तथा जेहेन्दार छात्रछात्राहरूमा प्राविधिक उच्च शिक्षाको पहुँच पुर्याउनु।

(ख) गाउँपालिकामा प्राविधिक जनशक्ति उत्पादनका लागि प्रेरित गर्नु।

(ग) गाउँपालिका भित्रका प्राविधिक शिक्षालयहरूमा आर्थिक अभावका कारण प्राविधिक शिक्षा अध्ययनको अवसर नपाएका जेहेन्दार विद्यार्थीहरूलाई अध्ययनको अवसर प्रदान गर्नु।

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रवर्धन गर्नु ।

## परिच्छेद ३ - छात्रवृत्ति व्यवस्थापन समिति

४. छात्रवृत्ति व्यवस्थापन समिति

(१) छात्रवृत्ति व्यवस्थापन गर्न तपसिल बमोजिमको एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) लेखा अधिकृत- सदस्य

(ग) शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको बैठकमा सम्बन्धित प्राविधिक विद्यालय/शिक्षालयका प्रमुख वा विज्ञ समेत गरी दुई जना आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक पारिश्रमिक तथा अन्य सेवा सुविधा तोकेबमोजिम हुनेछ।

(४) छात्रवृत्ति व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकारहरू तपसिल बमोजिम हुनेछन्:

क) छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा थप मापदण्ड बनाई स्वीकृत गर्ने।

ख) यस कार्यविधिको अधिनमा रही प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरूबाट दरखास्त आह्वानको सूचना प्रकाशन गर्ने।

ग) प्राप्त भएका आवेदन उपर रुजु तथा मूल्याङ्कन गरी छात्रवृत्तिको लागि कार्यपालिकालाई सिफारिस गर्ने।

## परिच्छेद ४ - विद्यार्थी छनौटका आधारहरू

५. दलित तथा जेहेन्दार छात्रवृत्ति छनौटका लागि निम्न आधार अबलम्बन गरिनेछः

क) यस गाउँपालिका भित्र स्थायी बासिन्दा भएको सम्बन्धित वडाको सिफारिस पत्र।

ख) अनुसूची- २ र ३ बमोजिमको मूल्याङ्कन प्रक्रिया ।

ग) उच्च अंक वा जि.पि.ए. प्राप्त गर्ने विद्यार्थीहरूले प्राप्त गरेको अंक वा जि.पि.ए।

घ) सामुदायिक विद्यालयबाट SEE/SLC गरेको ।

६. अन्यन्त्र जुनसुकै कुरा उल्लेख गरेको भएता पनि आवश्यकता र औचित्यताका आधारमा छात्रवृत्तिको कोटा तथा रकम कार्यपालिकाले निर्धारण गर्नेछ ।

## परिच्छेद ५ — विविध

७. प्रत्येक आर्थिक वर्षमा गाउँपालिकाबाट छात्रवृत्तिका लागि बजेट विनियोजन भएमा मात्र छात्रवृत्ति वितरणका लागि सूचना आव्वहान गर्न सकिनेछ ।

८. विद्यालय/शिक्षालयले प्रतिवेदन पेश गर्नुपर्ने:

क) छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूको नियमितता, हाजिरी, सिकाइस्तर र अनुशासन सम्बन्धमा शिक्षालयले गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

९. यस कार्यविधि बमोजिम हुने:

क) यस कार्यविधिमा लेखिएका कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित नेपालको कानुन बमोजिम हुनेछ।

१०. कार्यविधिमा संशोधन:

क) यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा समितिको सिफारिसमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

११. कार्यविधिको व्याख्या:

क) यो कार्यविधिको व्याख्या गर्ने अन्तिम अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ।

**अनुसूची - १ (आवेदन फारामको ढाँचा)**

**बुढीगंगा गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय, हात्तिमुडा मोरङ**

दलित तथा जेहेन्दार विद्यार्थीका लागि प्राविधिक शिक्षा छात्रवृत्तिको आवेदन फारम

| | | |
|---|---|---|
| १ | विद्यार्थीको पूरा नाम, थर........................ | २. अध्ययनरत तह र कक्षा........... |
| ३ | स्थायी ठेगाना ........................................................ | |
| ४ | लिङ्ग ................. | ५.जन्म मिति............... |
| ६ | जाति / जनजातिः [ ] ब्राह्मण/क्षेत्री [ ] जनजाति [ ] दलित [ ] अन्य | |
| ७ | हाल अध्ययनरत विद्यालय/शिक्षालयको नाम .................................. | |
| ८ | हाल अध्ययनरत विद्यालय / शिक्षालयको किसिमः [ ] सामुदायिक [ ] संस्थागत [ ] गुठी/अन्य | |
| ९ | विद्यार्थी / अभिभावकको सम्पर्क फोन नं. | |
| १० | बुबाको नाम, थरः ............. | |
| ११ | आमाको नाम, थरः | |
| १२ | बुबा-आमाको वर्तमान अवस्था | [ ] दुवै भएको [ ] बुबा मात्र भएको [ ] आमा मात्र भएको [ ] दुवै नभएको |
| १३ | SEE/SLC ग्रेड (GPA) वा Diploma | ग्रेड/प्राप्ताङ्कः .................. उत्तीर्ण वर्षः .................. |
| १४ | पारिवारिक मुख्य आयस्रोत | [ ] कृषि [ ] रोजगारी [ ] व्यापार [ ] घरभाडा [ ] वैदेशिक रोजगारी वा अन्य.................... |
| १५ | वार्षिक आम्दानी | ..................................... |
| १६ | छात्रवृत्ति फारम भरेको लक्षित समूह(कुनै एकमा चिन्ह लगाउने) | [ ] जेहेन्दार दलित [ ] |
| १७ | आमा वा बुबाको अपाङ्गताको अवस्था | [ ] बुबा मात्र [ ] आमा मात्र [ ] दुवै अपाङ्गताको किसिम/वर्ग..................................... |

**विद्यार्थीको हस्ताक्षर र मिति**

विद्यार्थीको नामः ........................ हस्ताक्षरः ...................................

मितिः २०८३ / .......... / ..........

**फारम दर्ता सम्बन्धी विवरण (गाउँपालिकाको कार्यालयले मात्र भर्ने)**

| दर्ता नम्बर | दर्ता मिति | फारम बुझिलिनेको नाम/पद | बुझिलिनेको हस्ताक्षर |
|---|---|---|---|
| | २०८३/......./....... | | |

**फारमसाथ अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरूको सूची (Checklist)**

| क्र.सं. | आवश्यक कागजातहरू | संलग्न भए (✔) चिन्ह लगाउनुहोस् |
|---|---|---|
| १ | सम्बन्धित कक्षा/तहमा नियमित अध्ययनरत रहेको विद्यालय/शिक्षालयको सिफारिस र विद्यार्थी परिचयपत्रको प्रतिलिपि | [ ] |
| २ | बुढीगंगा गाउँपालिकाको स्थायी बासिन्दा भएको प्रमाणित गर्ने वडा कार्यालयको सिफारिस पत्र | [ ] |
| ३ | **SEE/ SLC** वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धांक पत्र (**Transcript**) र चारीत्रिक प्रमाणपत्रको प्रतिलिपि | [ ] |
| ४ | दलितको हकमा उक्त थर भएको व्यक्ति दलित जाति हो भनेर आधिकारिक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि | [ ] |
| ५ | आमा वा बुबा दुवै नभएको विद्यार्थीको हकमा सम्बन्धित वडा कार्यालयको प्रमाणित सिफारिस पत्र | [ ] |

## अनुसूची- २

### (क) दलित विद्यार्थी छनौट गर्ने मूल्याङ्कन फारम

१. शैक्षिक योग्यता वापत- ३० अंक

| क्र.स. | स्तरीयकृत अंक | ग्रेड | प्रतिशत | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | ४.० | A+ | ९०%-१००% | ३० अंक |
| २. | ३.६ देखि ४ भन्दा कम | A | ८०%-८९% | २५ अंक |
| ३. | ३.२ देखि ३.६ भन्दा कम | B+ | ७०%-७९% | २० अंक |
| ४. | २.८ देखि ३.२ भन्दा कम | B | ६०%-६९% | १५ अंक |
| ५. | २.४ देखि २.८ भन्दा कम | C+ | ५०%-५९% | १० अंक |
| ६. | २.० देखि २.४ भन्दा कम | C | ४०%-४९% | ५ अंक |

२. हाल प्राविधिक शिक्षा सरकारी/सामुदायिक शिक्षालयमा अध्ययनरत गरे बापत-१० अंक
-हाल प्राविधिक शिक्षा संस्थागत/नीजि शिक्षालयमा अध्ययनरत गरे बापत्- ५ अंक

३. आमा/बुवा दुबै नभएको अवस्था वापत- ५ अंक

४. आमा/बुवा दुबै क र ख वर्गको अपाङ्गता भएको अवस्था वापत- ५ अंक

जम्मा अंक-५०

### (ख) जेहेन्दार विद्यार्थी छनौट गर्ने मूल्याङ्कन फारम

१. शैक्षिक योग्यता वापत- ३० अंक

| क्र.स. | स्तरीयकृत अंक | ग्रेड | प्रतिशत | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ४.० | A+ | ९०%-१००% | ३० अंक |
| २ | ३.६ देखि ४ भन्दा कम | A | ८०%-८९% | २५ अंक |
| ३ | ३.२ देखि ३.६ भन्दा कम | B+ | ७०%-७९% | २० अंक |
| ४ | २.८ देखि ३.२ भन्दा कम | B | ६०%-६९% | १५अंक |
| ५ | २.४ देखि २.८ भन्दा कम | C+ | ५०%-५९% | १०अंक |
| ६ | २.० देखि २.४ भन्दा कम | C | ४०%-४९% | ५ अंक |

२ हाल प्राविधिक शिक्षा सरकारी/सामुदायिक शिक्षालयमा अध्ययनरत गरे बापत-१० अंक
-हाल प्राविधिक शिक्षा संस्थागत/नीजि शिक्षालयमा अध्ययनरत गरे बापत- ५ अंक

३. आमा/बुवा दुबै नभएको अवस्था वापत- ५ अंक

४. आमा/बुवा दुबै क र ख वर्गको अपाङ्गता भएको अवस्था वापत- ५ अंक

जम्मा अंक- ५०

आज्ञाले
प्रयाश भट्टाराई
प्रमुख प्रशासकीय अधिकृत